ToR

पद : सूचना प्रविधि अधिकृत (छैठौ तह)

माग संख्या : १

योग्यता : मान्यताप्राप्त शिक्षण संस्थाबाट B.E in Computer BIT,BIM, BCA, BEIT, BSc.IT, BSc.CSIT वा सो सरह को विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनु पर्ने छ। न्त्यनुतम शैस्क्षिक् योग्यता प्राप्त गरिसकेपछि कम्तिमा २ बर्ष कार्य गरेको अनुभव भएको र सम्बन्धित विषयमा तालिम लिएको हुनु पर्ने छ ।

करार अवधि : २०८० असार मसान्त सम्मका लागि (कार्यसम्पादन सन्तोषजनक रहेमा करार अवधि थपिन सकिने) ।

कार्य क्षेत्र : रुपन्देहीमा रहेको पर्यटन विकास परिषदको कार्यालय र आवस्यकता अनुसार १२ जिल्ला लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय भ्रमण गर्नु पर्ने ।

सूचना प्रविधि अधिकृतको कार्यविवरण

- कार्यालयका वेवसाइट, एपहरुको स्थापना, सञ्चालन र नियमित अद्यावधिक गर्ने/गराउने।
- परिषद्को डिजिटल डाटाबेस तयार गर्ने र चौमासिकरुपमा तथ्यांक विस्लेषण गर्ने ।
- कार्यालयका सूचनाहरुलाई विद्युतीय सामग्रीहरुमार्फत प्रवाह गर्ने।
- पर्यटकीय तथा धार्मिक स्थलहरुको डिजिटल सामग्रीहरु बनाई प्रवर्धन र प्रचार प्रसार गर्ने ।
- लुम्बिनी प्रदेशको पर्यटकीय स्थल सम्बन्धि जानकारी मुलक सामग्री तयार गरि सामाजिक संजाल तथा अन्य मध्यम बाट प्रवाह गर्ने।
- पर्यटकीय स्थलहरुको प्रस्तुतीकरण दिनुपर्ने अवस्थामा प्रस्तुतीकरण सामग्रीहरु बनाई सहयोग गर्ने।
- पर्यटन प्रवर्धनमा सूचना प्रविधिको प्रयोग सम्बन्धि रणनीति बनाई कारनयन गर्ने गराउने
- संचालित कार्यक्रमको प्रगति प्रतिवेदन तयारी सम्बन्धि कार्य ।
- परिषद्को उद्देश्य प्राप्त गर्न तोकिएबमोजिम अन्य आवश्यक कार्यहरू गर्ने।

तलब तथा अन्य सुबिधा : अधिकृतस्तर छैठौ तहको सुरुको तलब स्केल बराबरको मासिक तलब र अन्य सेवा सुबिधा प्रदेश सरकारको नियम अनुसार हुने छ ।

नोटः सूचना प्रविधि अधिकृतको निवेदन दस्तुर रु १००० परिषद्को कार्यालय बुझाउनु पर्ने छ ।

पद : पर्यटन सूचना अधिकारी (पाँचौं तह)

माग संख्या : ६ (छ)

योग्यता : मान्यताप्राप्त शिक्षण संस्थाबाट पर्यटन, अंग्रेजी, व्यवस्थापन वा सो सरह को विषयमा स्नातक तह उत्तीर्ण गरेको र अंग्रेजी राम्रो संग बोल्न जानेको हुनु पर्ने छ। न्त्यनुतम शैस्क्षिक् योग्यता प्राप्त गरिसकेपछि कम्तिमा १ बर्ष कार्य गरेको अनुभव भएको र सम्बन्धित विषयमा तालिम लिएको हुनु पर्ने छ । उमेरः १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

करार अवधि : २०८० असार मसान्त सम्मका लागि (कार्यसम्पादन सन्तोषजनक रहेमा करार अवधि थपिन सकिने) ।

कार्य क्षेत्र :

रुपन्देहीको बेलिहा नाका, अन्तराष्ट्रिय विमानस्थल र बाँकेको रुपेदिया नाकामा रहेको पर्यटन सूचना केन्द्र र आवस्यकता अनुसार १२ जिल्ला लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय भ्रमण गर्नु पर्ने ।

पर्यटन सूचना अधिकारीको कार्यविवरण

- अन्तरिक तथा अन्तरास्ट्रिय पर्यटकलाई लुम्बिनी प्रदेश लगायत नेपालको पर्यटकीय तथा धार्मिक स्थल बारे जानकारी दिने ।
- पर्यटकहरूलाई स्थानीय पर्यटकीय क्षेत्र तथा अन्य क्षेत्रबारे जानकारी उपलब्ध गराउने ।
- परिषद्ले तयार गरेको पुस्तक र अन्य जानकारीमुलक प्रकाशन वितरण गर्ने र सो को बारे पर्यटक लाई सम्पूर्ण जानकारी गराउने ।
- परिषद्ले संचालन गरेको प्रवर्धनात्मक कार्यक्रम बारे जानकारी गराउने र प्रचार प्रसार गर्ने ।
- अन्तरिक तथा अन्तरास्ट्रिय पर्यटकको लागत राख्ने र पर्यटक को रुची, घुमे स्थान तथा अन्य सूचना संकलन गर्ने ।भन्सार तथा अन्य सरकारी कार्यालय सँग सम्पर्क मा रही तथ्यांक अध्यावधिक गर्ने ।
- पर्यटक लाई आपतकालीन अवस्थामा कहाँ जाने र के गर्ने कसलाई सम्पर्क गर्ने भन्ने बारे जानकारी गराउने । आपतकालीन अवस्थामा पर्यटक सम्पर्क गर्न आएमा सम्बन्धित निकाय अथवा पर्यटक प्रहरी लाई जानकारी गराउने ।
- कार्यालय समयमा उपस्थित भई दैनिक प्रशासनिक कार्यसञ्चालन गर्ने/गराउने।
- संचालित कार्यक्रमको आर्थिक प्रगति प्रतिवेदन तयारी सम्बन्धि कार्य ।
- परिषद्को उद्देश्य प्राप्त गर्न तोकिएबमोजिम अन्य आवश्यक कार्यहरू गर्ने।

तलब तथा अन्य सुबिधा : अधिकृतस्तर पाँचौं तहको सुरुको तलब स्केल बराबरको मासिक तलब र अन्य सेवा सुबिधा प्रदेश सरकारको नियम अनुसार हुने छ ।

नोटः पर्यटन सूचना अधकारीको निवेदन दस्तुर रु ५०० परिषद्को कार्यालय बुझाउनु पर्ने छ ।